नेपाल सरकार

## सूचना तथा सञ्चार मन्त्रालय

# मुद्रण विभाग

## सिंहदरबार, काठमाडौं

## शिलबन्दी बोलपत्र आव्हानको सूचना

## सूचना प्रकाशित मिति : २०६५।१०।३

यस विभागबाट निम्न कार्य ठेक्काबाट गराउन नेपाल सरकारबाट सम्बन्धित काम गर्न इजाजत प्राप्त गरेको फर्म वा कम्पनीबाट निम्न शर्तको अधिनमा रही रितपूर्वकको बोलपत्र आहवान गरिन्छ ।

१. बोलपत्र सम्बन्धी कागजात यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र चालू आ.व.को लागि नवीकरण भएको इजाजतपत्र, आयकरको स्थायी लेखा प्रमाणपत्र, आ.व. ०६४/०६५ को कर चुक्ता प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी यस विभागमा निवेदन दिई सूचनामा उल्लेख भए अनुसार दस्तूर बुझाई (फिर्ता नहुनेगरी) खरीद गर्न सकिने छ ।

२. खरीद भएको बोलपत्रको लागि ३१ औं दिनको १२.०० बजेभित्र यस विभागमा सम्बोधन गरी ठेक्का नं., कामको विवरण, बोलपत्रदाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी यस विभागमा दर्ता गराउनु पर्नेछ ।

३. दर्ता भएका बोलपत्रको यो सूचना प्रकाशित भएको मितिले दाखिला गर्ने ३१ औं दिनको २:०० बजे बोलपत्रदाता वा निजका प्रतिनिधिहरू र विभागका प्रतिनिधिहरुको रोहवरमा यस विभागमा खोलिने छ । बोलपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

४. बोलपत्र खरीद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरू विदाको लगत्तै पछि विभाग खुलेको दिन सोही समयमा हुनेछ ।

५. बोलपत्र साथ जमानत बापतको रकम यस विभागको ने.रा.बैं थापाथली स्थित खाता नं. १३१४०९ को धरौटी खातामा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १८० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट यस विभागको नाममा जारी भएको विडवण्ड (बैंङ्क ग्यारेन्टी) पेश गर्नु पर्नेछ ।

६. बोलपत्र स्वीकृत भएपछि ठेक्का सम्झौता गर्दा ठेक्का अङ्कको ५ प्रतिशतले हुने रकम यस विभागको ने.रा.बैं थापाथली स्थित खाता नं. १३१४०९ मा जम्मा गरेको बैंक भौचर वा घटीमा १ वर्ष म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट यस विभागको नाममा जारी भएको जमानीपत्र (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ ।

७. बोलपत्रमा BOQ मा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ

८. बोलपत्रमा आइटम वाइज दर अङ्क र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अङ्क र अक्षरबीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । सिसा कलम (पेन्सिल)ले लेखिएकोलाई मान्यता दिइने छैन ।

९. म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१०. एक फर्मको नाममा खरिद गरिएको सिलबन्दी बोलपत्र फारम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

११. यस सूचनामा उल्लेख नभएका विषयमा सार्वजनिक खरीद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ ।

१२. बोलपत्र सम्बन्धी अन्य आवश्यक कुरा बुझ्नुपरे कार्यालय समयभित्र विभागको खरिद तथा भण्डार शाखामा सम्पर्क गरी बुझ्न सकिने छ ।

१३. बोलपत्रमा आवश्यक कुनै संशोधन गर्नुपरेको अवस्थामा विभागको सूचनापाटीबाट सूचना टाँस गरिनेछ ।

१४. शिलबन्दी बोलपत्रको मान्य अवधि ९० दिनको हुनेछ ।

१५. यस निर्माणकार्यको सम्पूर्ण सुपरीवेक्षणको कार्य श्री सिंहदरबार सचिवालय पूनः निर्माण समितिबाट हुनेछ ।

१६. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस विभागमा निहीत रहनेछ ।

१७. यो सूचना विभागको website: www.dop.gov.np मा पनि हेर्न सकिने छ ।

| ठेक्का नं. | काम | लागत अनुमान मु.अ. कर र कन्टिजेन्सी बाहेक रू. | धरौटी रकम कबोल अङ्कको २.५% ५०० को अङ्कमा | फाराम दस्तूर | माध्यम र सम्बन्धित संस्था | काम सम्पन्न गरिनुपर्ने अवधी |
|---|---|---|---|---|---|---|
| २. | विभागको प्रेस रहेको पुरानो भवनको छाना, झ्याल र शौचालय मर्मतसम्भार गर्ने । | १७,६२,७०७।०७ | ४४५००।- | १०००।- | बोलपत्र/निर्माण व्यवसायी | ३ महिना१५ दिन |

नेपाल सरकार

## सूचना तथा सञ्चार मन्त्रालय

# मुद्रण विभाग

## सिंहदरबार, काठमाडौं

## शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

## सूचना प्रकाशित मिति : २०६५।०९।२७

आ.व. ०६५/०६६ मा यस विभागको लागि शिलबन्दी दरभाउपत्र फाराममा उल्लेख भए अनुसारको फ्याक्स मेशिन, फोटोकपि मेसिन, डेस्कटप कम्प्यूटर र प्रिन्टर सामानहरू खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त रजिष्टर्ड फर्म वा कम्पनीहरूबाट शिलबन्दी दरभाउपत्र आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. दरभाउपत्र फाराम रू. ३००।- (पछि फिर्ता नहुने) तिरी कार्यालय समयभित्र यस विभागबाट खरिद गर्न सकिनेछ । दरभाउपत्र फाराम सूचना प्रकाशित भएको मितिले १५ औं दिनभित्र खरिद गर्न सकिने छ

२. दरभाउपत्रदाताले फारामहरूमा उल्लेख भएको सामान (आइटम) के कति मूल्यदरमा उपलब्ध गराउने हो ? सो को अङ्क र अक्षरमा स्पष्ट उल्लेख गरी फर्मको छाप र अधिकारवालाको सही गरी महानिर्देशक, मुद्रण विभागको नाममा सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजेसम्म सिलबन्दी दरभाउपत्र दर्ता गर्नु पर्नेछ । अन्यथा उक्त सिलबन्दी दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

३. दरभाउपत्रदाताले दरभाउपत्रसाथ फर्म दर्ताको नियमानुसार नवीकरण भएको प्रमाणपत्र, भ्याट दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न गर्नुपर्ने छ ।

४. दरभाउपत्रदाताले दरभाउपत्रमा कबुल गरेको अङ्कको २.५% बराबरको धरौटी वापतको रकम यस विभागको ने.रा.बैंक, थापाथली स्थित खाता नं. १३१४०९ मा नगद जम्मा गरेको सक्कल भौचर वा कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानी पत्र वा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट यस विभागको नाममा जारी भएको बैंक जमानी (विडवण्ड) सिलबन्दी दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ ।

५. म्यादभित्र पर्न आएका शिलबन्दी दरभाउपत्र पेश गर्ने १६ औं दिन अर्थात् अन्तिम दिन दिनको २:०० बजे यस विभागमा खोलिने छ । शिलबन्दी दरभाउपत्र खोल्ने दिनमा दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित हुन पर्नेछ । शिलबन्दी दरभाउपत्रदाता वा प्रतिनिधिहरू उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६. शिलबन्दी दरभाउपत्र खरिद गर्ने र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदापछि कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

७. रीत नपुगेको, म्याद नाघी आएको र शर्त राखी पेश गरेको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

८. विभागले स्वीकृत गरेको Specification अनुसारको गुणस्तरयुक्त सामाग्रीहरू आपूर्ति गर्नु पर्नेछ ।

९. शिलबन्दी दरभाउपत्र सम्बन्धी विस्तृत विवरणहरू बुझ्न चाहेमा कार्यालय समयभित्र यस विभागको खरिद तथा भण्डार शाखामा आई बुझ्न सकिने छ ।

१०. आपूर्ति गर्ने सामान गुणस्तरयुक्त हुनुपर्दछ । सामानहरू विभागको आवश्यकता अनुसार दरभाउपत्रदाताले स्वीकृत दरमा आपूर्ति गर्नु पर्नेछ । ढुवानी खर्च सप्लायर आफैँले व्यहोर्नु पर्नेछ । अन्य शर्तहरू दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

११. सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिकरूपमा मात्र स्वीकृत गर्ने अधिकार यस विभागमा निहित रहनेछ ।

१२. दरभाउपत्र स्वीकृत गर्ने सम्बन्धमा विभागले आवश्यक देखेमा औचित्यता र मितव्ययितालाईसमेत विचार गरी एउटै दरभाउपत्रमा उल्लेख भएका विभिन्न आइटमहरूमध्ये सबभन्दा कम कबोल गरेको मूल्य र दरलाई अलग अलगरूपमा (आइटम वाइजरूपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार विभागमा निहीत रहने छ ।

१३. माथि उल्लिखित बाहेक अन्य कुराहरू प्रचलित ऐन, कानून तथा नियम अनुसार हुनेछ ।

१४. शिलबन्दी दरभाउपत्रको मान्य अवधि ४५ दिनको हुनेछ ।

१५. यो सूचना विभागको website: www.dop.gov.np मा पनि हेर्न सकिने छ ।

नेपाल सरकार

## सूचना तथा सञ्चार मन्त्रालय

# मुद्रण विभाग

आ.व. ०६५/०६६

## मुद्रण विभागको पुरानो भवनको छाना, झ्याल र शौचालय मर्मत सम्भार सम्बन्धी बोलपत्र

१. कम्पनी/फर्म/संस्थाको नामः–

२. ठेगानाः–

३. प्रबन्धक वा प्रोप्राइटरको नाम, थरः–

४. मूल्य अभिवृद्धिकर (VAT) दर्ता नं.:

५. कम्पनी/फर्म/संस्थाको रजिष्टर नं. र मितिः–

६. सम्पर्क टेलिफोन नं.:–

७. प्रवन्धक वा प्रोप्राइटरको हस्ताक्षरः–

८. कम्पनी/फर्म/संस्थाको छापः–

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

# मुद्रण विभाग

सिंहदरवार, काठमाडौं

## मुद्रण विभागको पुरानो भवनको छाना, झ्याल र शौचालय मर्मत सम्भार सम्बन्धी बोलपत्र फाराम

२०६५

मूल्य रू. १०००।-

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

# मुद्रण विभाग

सिंहदरवार, काठमाडौं

## फ्याक्स मेसिन, फोटोकपी मेसिन, डेस्कटप कम्प्यूटर र प्रिण्टर सप्लाई सम्बन्धी शिलबन्दी दरभाउपत्र फाराम

२०६५

मूल्य रू. ३००।-

नेपाल सरकार

## सूचना तथा सञ्चार मन्त्रालय

# मुद्रण विभाग

आ.व. ०६५/०६६

### फ्याक्स मेसिन, फाटोकपी मेसिन, डेस्कटप कम्प्यूटर र प्रिण्टर सप्लाई सम्बन्धी शिलबन्दी दरभाउपत्र फाराम

२०६५

१. कम्पनी/फर्म/संस्थाको नामः-

२. ठेगानाः-

३. प्रबन्धक वा प्रोप्राइटरको नाम, थरः-

४. मूल्य अभिवृद्धिकर (VAT) दर्ता नं.:

५. कम्पनी/फर्म/संस्थाको रजिष्टर नं. र मितिः-

६. सम्पर्क टेलिफोन नं.:-

७. प्रवन्धक वा प्रोप्राइटरको हस्ताक्षरः-

८. कम्पनी/फर्म/संस्थाको छापः-